# स्यालको जुक्ती



Room to Read

# स्यालको जुक्ती मेरो नेपाली कक्षा - २


| | |
|---|---|
| चित्राङ्कनकर्ता<br>Illustrator | कृष्ण गोपाल श्रेष्ठ<br>Krishna Gopal Shrestha |
| मुद्रक<br>Printer | एपोलो अफसेट प्रेस (प्रा.) लि., काठमाडौँ<br>Apollo Offset Press Pvt. Ltd. |
| कलर सेपरेसन<br>Color Separation | प्रिन्ट प्रोसेस (प्रा.) लि., काठमाडौँ<br>Print Process Pvt. |
| संस्करण<br>Edition | पहिलो, ५,००० प्रति, वि.सं. २०६७<br>First, 5000 copies, 2010 |
| भाषा<br>Languages Published in | नेपाली<br>Nepali |
| GSD ID | NP-LLP-10-0002 |

यस किताबको प्रकाशन स्थानिय समुदाय, रुम टु रिड तथा एल्सा र डेविड ब्रुलेको सहयोगमा भएको हो।
यो किताब गोपिनी पाण्डेको पठन र शिक्षा प्रतिको लगन र समर्पण प्रति समर्पित गरिएको छ।

This book was published through the cooperation of the local community, Room to Read and Elsa and David Brule.
It is dedicated to Gopini Pandey to honor her passion and devotion to literacy and education for the children of Nepal.



रूम टु रीड पोस्ट बक्स नं. २११०३, काठमाडौँ, नेपाल, फोन ५५५३९८७, फ्याक्स ५५४७५२०
Room to Read Post Box 21103, Kathmandu, Nepal. Phone 5553987, Fax: 5547520,
email: nepal@roomtoread.org web: http://www.roomtoread.org


Room to Read seeks to transform the lives of millions of children in developing countries by focusing on literacy and gender equality in education. Working in collaboration with local communities, partner organizations and governments, we develop literacy skills and a habit of reading among primary school children, and support girls to complete secondary school with the relevant life skills to succeed in school and beyond.


Copyright © 2010 by Room to Read. All rights reserved.

# प्रकाशकको भनाइ

## यस फ्लिप–बुकको प्रयोग कसरी गर्ने ?

यो कथा कक्षा २ को नेपाली विषयको पाठ्यक्रमबाट लिइएको हो। तर यस किताबको प्रयोग शिशु, पूर्व प्राथमिक र कक्षा १ का लागि पनि गर्न सकिन्छ। यस फ्लिप–बुक प्रयोग गर्ने बेलामा विद्यार्थी भाइबहिनीहरुलाई मिलेर बस्न लाउनुहोस्। त्यस बेला तपाईंले के कुरामा ध्यान दिनुहोस भने किताब अलि माथि वा अग्लो स्थानमा रहोस्। त्यसो भयो भने सबै विद्यार्थी भाइबहिनीहरुले चित्रलाई राम्ररी देख्न सक्नेछन्।

तपाईंको सुविधाका लागि रंगीन चित्रको सानो रूप किताबको पछाडिको पानामा दिइएको छ। त्यस चित्र र त्यसको तल लेखिएको सारअनुसार वा त्यसमा आधारित रहेर विद्यार्थी भाइबहिनीहरूसँग तपाईं विस्तारपूर्वक चर्चा गर्न सक्नुहुन्छ। यस खालको किताब प्रयोग गरेर विद्यार्थी भाइबहिनीहरूको उमेरअनुसार विभिन्न क्रियाकलाप गर्न–गराउन पनि सकिन्छ।



वनमा एउटा गुफा थियो। त्यस गुफामा एउटा स्याल बस्थ्यो। स्याल बिहानै खानेकुरा खोज्न जान्थ्यो। बेलुका गुफामा फर्केर आउँथ्यो।





वनमा एउटा बूढो बाघ पनि बस्थ्यो। बाघ दौडन सक्तैनथ्यो। त्यसैले बाघले सिकार पाउँदैनथ्यो। बाघले गुफामा स्याल बस्छ भन्ने थाहा पायो।





.एकदिन स्याल खानेकुरा खोज्न गएको थियो। बूढो बाघ गुफामा पस्यो र लुकेर बस्यो। बाघले स्याल आएपछि मारेर खाने दाउ गऱ्यो।





साँझमा स्याल गुफामा फर्कियो। स्यालले गुफाबाहिर बाघको पन्जाको छाप देख्यो। स्यालले पन्जाको छाप नियालेर हेऱ्यो।





त्यसले बाघ बाहिर निस्केको पन्जाको छाप देखेन। स्यालले गुफाभित्र बाघ बसेको छ भन्ने अड्कल गऱ्यो।






स्याल बाठो थियो। त्यसले गुफाभित्र बाघ छ कि छैन, पक्का गर्ने विचार गर्‍यो।





स्यालले जुक्ती लगायो। उसले बाहिरबाट धेरै पटक सोध्यो, “ए गुफा ! म भित्र आऊँ ?”
बाघले ठान्यो, “गुफाले आऊ भनेपछि मात्र स्याल भित्र आउने रहेछ।”





बाघलाई धेरै भोक लागेको थियो। बाघले मनमनै सोच्यो, “गुफाले कुन बेला आऊ भन्ने हो। मैले नै आऊ भनिदिए स्याल चाँडै आउला कि !”





बाघले मायालु स्वरमा भन्यो, “आऊ स्याल, आऊ।”





स्याललाई गुफाभित्र बाघ छ भन्ने कुरा पक्का भयो। स्याल त्यहाँबाट तुरुन्तै भाग्यो। स्यालले आफ्नो ज्यान जोगायो।



यो कथा एउटा चतुर स्याल र निकै भोकाएको बाघको कथा हो। धेरै दिनदेखि खान नपाएर भोकाएको बाघले एउटा खालि गुफा भेटेपछि भित्र गएर त्यस गुफामा बस्ने जनावर कहिले आउला र त्यसलाई खाउँला भनेर कुरेर बस्छ। त्यसैबेला त्यहाँ बस्ने स्याल आइपुग्छ र गुफा बाहिर बाघको पन्जाको छाप देख्छ। अब कसरी उ गुफा भित्र जान्छ र बाघबाट फुत्कन्छ भनेर थाहा पाउन कथा पढी हेरौँ।

*The Jackal's Idea* is the story of a clever fox and a hungry tiger. The tiger has not eaten for days. When he finds an empty cave, he waits inside, watching for the return of whatever animal lives there. Meanwhile, the fox returns home and notices footsteps in front of his cave. He knows he must not go inside! How will he save himself and his home from the hungry tiger? Read on to find out!

चित्राङ्कनकर्ता कृष्णगोपाल श्रेष्ठ
Illustrator Krishna Gopal Shrestha



कृष्णगोपाल श्रेष्ठले ललितकला क्याम्पसबाट स्नातक उत्तीर्ण गरेका छन्। उनले धेरैपुस्तकहरू, बाल-चित्रकथाहरूलगायत स्वास्थ्यसम्बन्धी थुप्रै पुस्तकहरू तथा पोस्टरहरूको चित्राङ्कन पनि गरेका छन्। उनले युनिसेफका लागि स्वास्थ्यसम्बन्धी चेतनामूलक दृश्यात्मक विज्ञापन पनि बनाएका छन्। नेपालको निसाना छाप बनाउने कलाकारहरूमध्ये उनी पनि एक हुन्। उनी हाल कान्तिपुर दैनिकमा कार्यरत छन्।

Krishna Gopal Shrestha graduated with a Fine Arts degree from the Lalit Kala Campus, Tribhuwan University. He has illustrated many children's books, as well as health related books and posters. In addition, he was a member of the National Logo Design Team tasked to create an animated advertisement funded by UNICEF. He currently works for Kantipur Daily.

Room to Read®

शिक्षित बालबालिकाहरूबाट नै विश्वमा परिवर्तनको थालनी हुन्छ।

World Change Starts with Educated Children.®

ISBN 9937-500-72-9